Moms in Prayer INTERNATIONAL
आमाहरुको प्रार्थना

विश्वासको सार

1. **हामी विश्वास गर्छौं कि बाइबल पवित्र आत्माबाट प्रेरित भएको हो र यो विश्वास र व्यवहारको सबै सम्बन्धमा परमेश्वरको एक मात्र नचुक्ने अधिकारपूर्ण वचन हो।**

   व्यवस्था ४:२, भजनसंग्रह १९:७–९, हितोपदेश ३०:५–६, १ कोरिन्थी २:१३, गलाती १:८-९, २ तिमोथी ३:१५-१७, २ पत्रुस १:२०-२१, प्रकाश २२:१८-१९

2. **हामी विश्वास गर्छौं कि त्यहाँ एक मात्र परमेश्वर हुनुहुन्छ, तर स्वभाव र अस्तित्व र ईश्वरत्वमा कुनै पनि विभाजनबिना पिता, पुत्र र पवित्र आत्माको रूपमा हामीमा प्रकट हुनुहुन्छ।**

   उत्पत्ति १:१–३, यशैया ४४:६–८, मत्ती २८:१९–२०, मर्कूस १२:२९, यूहन्ना १:१–४, प्रेरित ५:३–४, २ कोरिन्थी १३:१४

3. **हामी परमेश्वर पितामा विश्वास गर्छौं जो एक असीम, व्यक्तिगत आत्मा, पवित्रता, बुद्धि, शक्ति र प्रेममा पूर्ण हुनुहुन्छ। हामी विश्वास गर्छौं कि उहाँले प्रत्येक व्यक्तिको सम्बन्धमा दयापूर्वक वास्ता गर्नुहुन्छ, उहाँले प्रार्थना सुन्नुहुन्छ र जवाफ दिनुहुन्छ, र उहाँले येशू ख्रीष्ट मार्फत उहाँकहाँ आउने सबैलाई पाप र मृत्युबाट बचाउनु हुन्छ।**

   उत्पत्ति २१:३३, प्रस्थान ३३:१४, २ शमूएल २४:१४, यशैया ४०:२८, यर्मिया ३१:३, ३२:१७, यूहन्ना ४:२४, रोमी ५:८, ११:३३–३४, एफिसी १:१९–२०, १ यूहन्ना ५:१४–१५, प्रकाश ४:८

4. **हामी परमेश्वर पुत्र, मुक्तिदाता येशू ख्रीष्ट, परमेश्वरको एकलौटे पुत्र, उहाँको ईश्वरत्व, कन्या मरियम देखिको जन्ममा, उहाँको पापरहित जीवनमा, उहाँका आश्चर्य कामहरूमा, उहाँको बगाएको रगतद्वारा उहाँको साटोको बलिदान र प्रायश्चितको मृत्युमा, उहाँको शारीरिक पुनरुत्थानमा, उहाँको स्वर्गारोहण, परमेश्वर पिताको दाहिने पट्टि उहाँको विराजमान, उहाँका मानिसहरूको लागि उहाँको निरन्तर मध्यस्थतामा, र शक्ति र महिमाको साथ उहाँको व्यक्तिगत फिर्तीमा हामी विश्वास गर्छौं।**

   मत्ती २४:३०, मर्कूस ८:३८, लुका १:३४–३५, २४:२७, यूहन्ना १:१–२, १४, १८, ३:१६, रोमी ३:२३–२६, ८:३४, १ कोरिन्थी १५:३–४, हिब्रू ४:१५

5. **हामी पवित्र आत्मा परमेश्वरमा विश्वास गर्छौं जो हाम्रो सहयोगी र सल्लाहकार हुनुहुन्छ । उहाँले मानिसमा पश्चात्तापी हृदय दिनुहुन्छ र येशू ख्रीष्टलाई मुक्तिदाता भनी विश्वास गर्न अनि नयाँ जीवनको मार्गमा हिँड्न सहायता गर्नुहुन्छ, दैनिक जीवनको निम्ति मार्गदर्शन दिनुहुन्छ र पाप, सत्यता र धार्मिकताको अवगत गराउनुहुन्छ।**

   यूहन्ना ३:५–८, १४:१६–१७, १६:१३–१४, प्रेरित १:८, १ कोरिन्थी १२:१३, एफिसी ४:३०–३२, ५:१८–२४

6. **हामी विश्वास गर्छौं कि सबै जना पापमय स्वभावको साथ जन्मेका हुन्छन्, र सबै परमेश्वरबाट अलग भएको र मुक्तिको आवश्यकतामा छन्। प्रत्येकलाई पापबाट पश्चात्ताप गरी येशू ख्रीष्टलाई प्रभु र मुक्तिदाताको रूपमा स्वीकार गरेर मुक्तिको लागि पवित्र आत्माद्वारा नयाँ गरी जन्मिन बिलकुल आवश्यक छ।**

   यूहन्ना ३:५-८, ५:२४, प्रेरित २:२१, एफिसी १:६-७, २:८-९, तीतस ३:५, १ पत्रुस १:२३

7. **हामी मुक्ति पाएका र नपाएका दुवैको पुनरुत्थानमा विश्वास गर्छौं । विश्वास गर्ने सबै परमेश्वरको उपस्थितीमा स्वर्गमा सदाको निम्ति रहनेछन् भने विश्वास नगर्नेहरू सबै अनन्त आगोमा फालिनेछन्।**

   लुका १६:१९–२६, २ कोरिन्थी ५:८, फिलिप्पी १:२३, २ थेसलोनिकी १:७–९, प्रकाश २०:११–१५

8. **हामी हाम्रा प्रभु येशू ख्रीष्टमा विश्वास गर्नेहरूको आत्मिकी एकतामा विश्वास गर्छौं।**

   प्रेरित २:४२–४७, रोमी १५:५–६, १ कोरिन्थी १२:१२–१३, एफिसी ४:३–६